# कारागार तथा हिरासत अनुगमन मार्ग–निर्देशिका

२०६७

## दोस्रो संस्करण

राष्ट्रिय मानवअधिकार आयोग

हरिहरभवन, ललितपुर

# कारागार तथा हिरासत अनुगमन मार्ग–निर्देशिका

२०६७

## दोस्रो संस्करण

Dignity, Equality & Justice for All

राष्ट्रिय मानवअधिकार आयोग
हरिहरभवन, ललितपुर

| | |
|---|---|
| प्रकाशक : | राष्ट्रिय मानवअधिकार आयोग<br>हरिहरभवन, ललितपुर, नेपाल |
| प्रकाशन सहयोगीः | राष्ट्रिय मानवअधिकार आयोग,<br>क्षमता सबलीकरण परियोजना |
| प्रकाशन मितिः | कार्तिक–२०६७, असार–२०६८ |
| संस्करणः | प्रथम (३००० प्रति) |
| संस्करणः | दोस्रो (१०,००० प्रति) |
| प्रकाशन न. | ७०/१२१/२०६७ (के.का.) |
| मुद्रणः | |
| सर्वाधिकारः | राष्ट्रिय मानवअधिकार आयोग,<br>नेपाल |

आयोगको पूर्व स्वीकृतिबिना यस पुस्तिकामा उल्लिखित विषयवस्तुलाई बौद्धिक तथा शैक्षिक प्रयोजनबाहेक व्यापारिक वा अन्य प्रयोजनको लागि पुनःउत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न वा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन । बौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाई आवश्यक अंशहरू साभार गरी प्रयोगमा ल्याउन सकिनेछ ।

# प्राक्कथन

लामो समयको अनुगमन, अध्ययन, छलफल तथा अन्तरक्रियापश्चात् कारागार तथा हिरासत कक्षहरूको अवस्था तथा कैदीबन्दीहरूको मानवअधिकारको सम्बन्धमा आवश्यक व्यवस्था गर्न, कारागार प्रशासन, कैदीबन्दीहरूको आचरण, अनुशासन, सुरक्षाकर्मीको दायित्व र कर्तव्य सम्बन्धमा अनुगमन गर्न आयोगको अनुगमन टोली तथा सरोकारवालाहरू सबैलाई मद्दत पुऱ्याउने र सो को अनुगमन गर्न सहज होस् भन्ने उद्देश्यले राष्ट्रिय मानवअधिकार आयोगद्वारा यो मार्ग-निर्देशिका जारी गरिएको छ ।

यस मार्ग-निर्देशिकाले कारागार प्रशासन र व्यवस्थापन, कारागार तथा हिरासत कक्षको अभिलेख प्रणालीमा सुधार, कारागार तथा हिरासतको सुरक्षा, कैदी तथा बन्दीहरूको अलग-अलग बसोवासको व्यवस्था, अनुशासनात्मक कार्यविधि, शिक्षा, सूचना तथा सीपविकास, कारागार तथा हिरासत कक्षको भौतिक

पूर्वाधार र सुविधा, कैदीबन्दीहरूको क्रियाकलाप, स्वास्थ्य, उपचार तथा कारागार एवम् हिरासत कक्षको सरसफाइ, कैदीबन्दीहरूसँग गरिने व्यवहार, उजुरी, कारागार तथा हिरासत अनुगमनकर्ताहरूले अनुगमन गर्दा ध्यान दिनुपर्ने विविध विषयहरूमा विस्तृत रूपमा उल्लेख गरिएको छ ।

यस मार्ग–निर्देशिकाले कैदीबन्दीहरूको मानवअधिकारको संरक्षणमा सहयोग पुग्ने, प्रशासन र व्यवस्थापनसम्बन्धी क्रियाकलापहरू चुस्त र दुरुस्त हुने, कारागार तथा हिरासत केन्द्र अनुगमन गर्ने अनुगमनकर्ताहरूलाई के–कस्ता विषयहरूमा अनुगमन गर्ने भन्ने सम्बन्धमा समेत उपयोगी हुनेछ भन्ने मैले आशा लिएको छु ।

राष्ट्रिय मानवअधिकार आयोगले यस मार्ग–निर्देशिकाको प्रकाशनपश्चात् सबै सम्बन्धित र सरोकारवाला निकायहरूमा वितरण गर्ने योजना बनाएको छ । मार्ग–निर्देशिका जुन तपाईंको हातमा छ, सम्बन्धमा सकारात्मक सुझावहरू पाउने अपेक्षा पनि आयोगले गरेको छ । अन्त्यमा, यस मार्ग–निर्देशिकालाई यस

रूपमा ल्याउन संयोजनकारी भूमिका निर्वाह गर्ने आयोगका निर्देशक वेदप्रसाद भट्टराई, क्षेत्रीय निर्देशक, उपनिर्देशक तथा अधिकृतहरू, भाषा सम्पादनमा सहयोग पुऱ्याउने कैलाश सिवाकोटी, कम्प्यूटरमा सहयोगी सूर्य प्रसाद लामिछाने लगायत सहयोगी सम्पूर्ण कर्मचारीहरूलाई विशेष धन्यवाद दिन चाहन्छु।

धन्यवाद !


गौरी प्रधान
सदस्य/प्रवक्ता
राष्ट्रिय मानवअधिकार आयोग

# विषय क्रम


प्रस्तावना ________ १
सङ्क्षिप्त नाम र प्रारम्भ ________ २
परिभाषा: यस निर्देशिकाको प्रयोजनको लागि ________ २
प्रशासन र व्यवस्थापन सम्बन्धमा ________ ३
कारागार तथा हिरासत कक्षको अभिलेख
प्रणाली सुधार सम्बन्धमा ________ ५
कारागार तथा हिरासतको सुरक्षासम्बन्धमा ________ ७
कैदी तथा बन्दीहरुको अलग-अलग
बसोबासको व्यवस्था सम्बन्धमा ________ ८
अनुशासनात्मक कार्यविधि सम्बन्धमा ________ १०
शिक्षा, सूचना तथा सीप विकास सम्बन्धमा ________ १०
कारागार तथा हिरासत कक्षको भौतिक
पूर्वाधार र सुविधा सम्बन्धमा ________ १२
कैदीबन्दीहरूको क्रियाकलाप सम्बन्धमा ________ १४
कैदीबन्दीहरूको स्वास्थ्य, उपचार तथा कारागार
एवम् हिरासत कक्षको सरसफाइ सम्बन्धमा ________ १६
कैदीबन्दीहरूसँग गरिने व्यवहार सम्बन्धमा ________ १७
उजुरी सम्बन्धमा ________ १८
कारागार तथा हिरासत अनुगमनकर्ताहरूको सम्बन्धमा ________ १९
विविध ________ २०
अनुसूची -१ ________ २१
अनुसूची -२ ________ २९

कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय, सिंहदरबार, काठमाडौं
प्रत्यायोजित विधायनको प्रकृति : निर्देशिका
दर्ता नं: ३८१०८२
दर्ता मिति: २०८२।११।२६

Dignity, Equality & Justice for All

नेपाल सरकार
कानून, न्याय तथा संसदीय मामिला मन्त्रालय
सिंहदरबार, काठमाडौं

# राष्ट्रिय मानवअधिकार आयोग

## कारागार तथा हिरासत अनुगमन मार्ग–निर्देशिका २०६७

### प्रस्तावना

कारागार तथा हिरासत कक्षहरूको अवस्था तथा कैदीबन्दीहरूको मानवअधिकारको सम्बन्धमा आवश्यक व्यवस्था गर्न, कारागार प्रशासन, कैदीबन्दीहरूको आचरण, अनुशासन, सुरक्षाकर्मीको दायित्व र कर्तव्य सम्बन्धमा अनुगमन गर्न आयोगको अनुगमन टोली तथा सरोकारवालाहरू सबैलाई मद्दत पुऱ्याउने र सोको अनुगमन गर्न सहज होस् भन्ने उद्देश्यले मानवअधिकार आयोग ऐन, २०५३ को दफा (२३) तथा राष्ट्रिय मानवअधिकार आयोग (उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारण) नियमावली, २०५७ को नियम (३१) बमोजिम राष्ट्रिय मानवअधिकार आयोगद्वारा यो अनुगमन मार्ग–निर्देशिका जारी गरिएको छ ।



Dignity, Equality & Justice for All

## १. सङ्क्षिप्त नाम र प्रारम्भः

१.१ नामः यस निर्देशिकाको नाम "कारागार तथा हिरासत अनुगमन मार्ग-निर्देशिका, २०६७" रहेको छ ।

१.२ प्रारम्भः यो मार्ग-निर्देशिका मिति २०६७ असोज ७ गतेदेखि प्रारम्भ हुनेछ ।

## २. परिभाषाः यस निर्देशिकाको प्रयोजनको लागिः

२.१ "आयोग" भन्नाले प्रचलित संविधान र कानुनअनुसार स्थापित राष्ट्रिय मानवअधिकार आयोगलाई सम्झनुपर्दछ ।

२.२ "कारागार" भन्नाले कैदी वा थुनुवालाई कानुनबमोजिम कैद गर्नको निमित्त बनेको वा तोकिएको घर कोठा वा त्यस्तै अरू कुनै ठाउँ र त्यस्तो घर कोठा वा ठाउँले चर्चेको जग्गालाई समेत सम्झनुपर्दछ ।

२.३ "कैदी" भन्नाले कुनै अदालत वा अधिकार प्राप्त अधिकारीको निर्णयले कैदको सजाय पाई कैद भुक्तान गर्न कारागारमा रहेको व्यक्तिलाई सम्झनुपर्दछ ।

२.४ “थुनुवा” भन्नाले अपराधको अनुसन्धान तहकिकात वा पुर्पक्षका लागि प्रहरी वा अन्य निकायको हिरासतमा रहेको वा सार्वजनिक सुरक्षा ऐन, २०४६ अन्तर्गत थुनामा रहेको व्यक्तिलाई सम्झनुपर्दछ ।

२.५ “बन्दी” भन्नाले कारागार वा हिरासतमा थुनामा रहेको व्यक्तिलाई सम्झनुपर्दछ ।

२.६ “हिरासत” भन्नाले थुनामा राख्ने, कैदमा राख्ने र नजरबन्दमा राख्ने कामलाई समेत सम्झनुपर्दछ ।

## ३. प्रशासन र व्यवस्थापन सम्बन्धमा

कारागार व्यवस्थापनसम्बन्धी विषयमा अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनुपर्नेछः–

३.१ कारागार सञ्चालनसम्बन्धी नीति तथा कार्यविधि निर्माण भए/नभएको,

३.२ कारागारमा हुनसक्ने आकस्मिक घटनाहरूको समाधानको पूर्व–तयारी योजना निर्माण भए/नभएको,

३.३ कारागार प्रशासनसँग सम्बन्धित

कर्मचारीलाई कारागार व्यवस्थापन र सञ्चालन तथा मानवअधिकारसम्बन्धी आधारभूत तालिमको व्यवस्था भए/नभएको,

३.४ सरकारी अधिकारी तथा मानवअधिकारकर्मीको नियमित अनुगमन एवम् निरीक्षण संयन्त्र तथा नीतिनिर्माण भए/नभएको,

३.५ कारागारमा भएको कुनै पनि घटनाको सम्बन्धमा सम्बन्धित माथिल्लो अधिकारीलाई सूचित गर्ने प्रभावकारी सञ्चार-संयन्त्र तथा थुनुवासम्बन्धी सूचित गर्ने संयन्त्रको व्यवस्था भए/नभएको,

३.६ कारागार वा हिरासतमा कैदीबन्दीको हत्या, मृत्युसम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोगलाई २४ घण्टाभित्र सूचित गर्ने संयन्त्रको व्यवस्था भए/नभएको,

३.७ मृतकको पोष्टमार्टम अनिवार्यरूपमा गरिनुपर्ने हुँदा सो भए/नभएको,

३.८ कारागारका चौकीदार, नाइके आदिले गर्ने कार्यहरूको अनुगमन कारागार कार्यालयअन्तर्गतका निजामती कर्मचारीले

गर्ने व्यवस्था भए/नभएको,

३.९ कारागार वा हिरासतको क्षमताभन्दा बढी कैदी वा थुनुवा रहे/नरहेको,

३.१० कैदीबन्दी वा थुनुवाहरूलाई जातजाति, धर्म, उत्पत्ति, राजनैतिक आस्था आदिको आधारमा विभेद गरिए/नगरिएको र

३.११ यो मार्ग-निर्देशिकाबमोजिम अनुगमन भए/नभएको ।

## ४. कारागार तथा हिरासत कक्षको अभिलेख प्रणाली सुधार सम्बन्धमा

कारागार तथा हिरासत कक्षको अभिलेख प्रणालीको सम्बन्धमा अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनुपर्नेछः:

४.१ घाइते, बिरामी, रोगी कैदीबन्दीहरूको अभिलेख दुरुस्त राख्ने व्यवस्था भए/नभएको,

४.२ कैदमा रहँदा अस्वस्थ्य भई विरामीको कारण मृत्यु भएको कैदीबन्दीहरूको अभिलेख राखिए/नराखिएको,

४.३ कैदबाट छुटेका, अन्यत्रबाट सरी आएका

र गर्भवती कैदीबन्दीहरूको अभिलेख
राखिए/नराखिएको,

४.४ कारागारमा रहेका कैदीबन्दीहरूको अभिलेखको विस्तृत विवरण चुस्तदुरुस्त राखिए/नराखिएको,

४.५ कारागार सरुवा भई गएका र आएका बन्दीहरूको अभिलेख अद्यावधिक र दुरुस्त राखिए/नराखिएको,

४.६ कारागारको क्षमताभन्दा बढी थुनुवा भएको कुराको अभिलेख राख्न माथिल्लो निकायमा जानकारी दिने व्यवस्था भए/नभएको,

४.७ कैद ठेकिएका तथा कैद नठेकिएका बन्दीहरूको कैदको अवधि एवम् छुटने मिति उल्लेख गरी अभिलेख राखिए/नराखिएको,

४.८ कैदको अवधि कुनै कारणवश ज्ञात हुन नआएमा सोको जानकारीको लागि सम्बन्धित निकायसँग समन्वय गरी कैद अवधिको अभिलेख राखिए/नराखिएको,

४.९ म्याद थप गरी राख्नुपर्ने बन्दीको विवरण

तथा मुद्दाको अनुसन्धान कुन तहको अधिकृतबाट भएको हो, सो उल्लेख गरी अभिलेख राखिए/नराखिएको र

४.१० अभिलेखहरूको सुरक्षाको उपयुक्त व्यवस्था भए/नभएको ।

## ५. कारागार तथा हिरासतको सुरक्षासम्बन्धमा

कारागार तथा हिरासत कक्षको सुरक्षा सम्बन्धमा अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनुपर्नेछः–

५.१ हतियारको सुरक्षा तथा त्यसको जिम्मा एवम् जवाफदेहिताको सुनिश्चितता गरिए/नगरिएको,

५.२ रासायनिक वस्तुहरू, अश्रुग्यासजस्ता सामग्रीहरूको सुरक्षित भण्डारण तथा अग्नि–नियन्त्रक वस्तुहरूको व्यवस्था भए/नभएको,

५.३ कारागार वा हिरासत कक्षहरूका द्वारहरूको (ढोका) साँचो (चाबी) को सुरक्षण तथा त्यसको जिम्मा एवम् जवाफदेहिता उपयुक्त ढङ्गले तोकिए/नतोकिएको,

५.४ थुनुवा वा कैदीहरूबीच हुने आपसी झगडा, हिंसा तथा आत्महत्याका प्रयासहरूको रोकथामको लागि विशेष व्यवस्था गरिए/नगरिएको,

५.५ भान्सामा प्रयोग हुने हतियार तथा सामग्रीहरूको सुरक्षित भण्डारणको व्यवस्था गरिए/नगरिएको,

५.६ कारागार तथा हिरासतको विद्युतीय वायरिङ सुरक्षाको दृष्टिकोणले मजबूत बनाई विद्युतीय कारणबाट दुर्घटना हुन नसक्ने अवस्थाको व्यवस्था भए/नभएको र

५.७ सुरक्षाको कारण देखाई कैदीबन्दीहरूको अधिकार घटाइने वा हनन् गरिने कार्यहरू गरिए/नगरिएको ।

## ६. कैदी तथा बन्दीहरूको अलग-अलग बसोबासको व्यवस्था सम्बन्धमा

कारागार र हिरासत केन्द्रमा राखिएका कैदीबन्दीहरूको लागि बसोबासको सम्बन्धमा अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनुपर्नेछः–

६.१ सरुवा तथा अन्य सङ्क्रमित रोगहरू लागेका बन्दी तथा कैदीहरूलाई छुट्टाछुट्टै राखिए/नराखिएको,

६.२ मानसिक रूपमा अशक्त भएका बन्दी तथा कैदीहरूलाई छुट्टै राखिए/नराखिएको,

६.३ आफूलाई र अरूलाई हानी पुऱ्याउने तथा सुरक्षाको दृष्टिकोणले भिन्दाभिन्दै राखिनुपर्ने कैदीबन्दीहरूलाई छुट्टै राखिए/नराखिएको,

६.४ महिला कैदीबन्दीहरूलाई छुट्टै राख्ने व्यवस्था भए/नभएको,

६.५ बालबन्दी तथा बालकैदीहरूलाई बालसुधारगृहमा स्थानान्तरण गरिए/नगरिएको,

६.६ शारीरिक रूपले अपाङ्गता भएका र मानसिक रोगबाट ग्रसित बन्दी तथा कैदीहरूलाई सबै स्थानमा पहुँचसहित विशेष व्यवस्था गरिए/नगरिएको,

६.७ गर्भवती कैदीबन्दीहरूको लागि स्याहारसुसारसहितको विशेष व्यवस्था भए/नभएको,

६.८ आश्रित बालबालिकाहरूलाई छुट्टै बालगृहमा

राखिए/नराखिएको र साना बालबच्चाहरूको लागि बालस्याहार कक्षको व्यवस्था गरिए/नगरिएको र

६.९ कैदी तथा बन्दीहरूलाई अलग–अलग राखिए/नराखिएको ।

## ७. अनुशासनात्मक कार्यविधि सम्बन्धमा

कैदी तथा बन्दीहरूको अनुशासन सम्बन्धमा अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनुपर्नेछः–

७.१ कैदीबन्दीहरूको अनुशासन कायम गर्न आचारसंहिताको व्यवस्था भए/नभएको र

७.२ अनुशासन उल्लङ्घनमा सजायको व्यवस्थासम्बन्धी कार्यविधि बनाई औपचारिक रूपमा व्यवहारमा स्थापित गर्न र प्रयोग गर्न सबैले देख्ने स्थानमा राखिए/नराखिएको ।

## ८. शिक्षा, सूचना तथा सीप विकास सम्बन्धमा

कैदीबन्दीहरूको शिक्षा, सूचना तथा सीप विकासको अवसर सम्बन्धमा अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनुपर्नेछः–

८.१ कैदीबन्दीहरूको शिक्षा प्राप्त गर्ने अधिकारको सुनिश्चितता भए/नभएको,

८.२ कैदीबन्दी तथा उनीहरूको साथ बस्ने बालबालिकाको प्राथमिक शिक्षा अनिवार्य र निःशुल्क गरिए/नगरिएको,

८.३ कैदीबन्दीहरूको माध्यमिक शिक्षाको लागि शिक्षक तथा पाठ्यसामग्रीहरूको व्यवस्था गरिए/नगरिएको,

८.४ कैदीबन्दीहरूको उच्चशिक्षा अध्ययन गर्नको लागि परीक्षा तथा पाठ्यसामग्रीहरूको पहुँचको व्यवस्था भए/नभएको,

८.५ कारागारमा साक्षरता कार्यक्रमको व्यवस्था भए/नभएको,

८.६ कारागार तथा हिरासतमा संचारका लागि टेलिफोन तथा पत्राचारको लागि हुलाक सेवाको व्यवस्था भए/नभएको

८.७ कारागार तथा हिरासतमा पत्रपत्रिका, पुस्तकालय तथा अध्ययन कक्षको व्यवस्था भए/नभएको,

८.८ कारागारभित्र काम गर्ने अवसरहरूको

सृजना तथा सीपमूलक तालिमहरूको सञ्चालन र व्यवस्था भए/नभएको र

८.९ कारागार तथा हिरासतमा व्यवस्थित ढङ्गले उत्पादन गरिएका सामग्रीहरूको उचित बजार व्यवस्थापन भए/नभएको ।

## ९. कारागार तथा हिरासत कक्षको भौतिक पूर्वाधार र सुविधा सम्बन्धमा

कारागार तथा हिरासत कक्षको भौतिक पूर्वाधार र सुविधासम्बन्धमा अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनुपर्नेछः–

९.१ कैदीबन्दीहरू रहन, बस्नको निमित्त पर्याप्त भौतिक पूर्वाधारको व्यवस्था भए/नभएको,

९.२ कैदीबन्दीहरूको सङ्ख्याको आधारमा पर्याप्त शौचालयहरूको व्यवस्था भए/नभएको,

९.३ हातमुख धुने, लुगाधुने तथा नुहाउने स्थानहरूको लागि आवश्यक पर्ने साबुन, पानीसहित को व्यवस्था भए/नभएको,

९.४ कैदीबन्दी सुत्ने, बस्ने स्थानमा उपयुक्त तापक्रम र प्राकृतिक उज्यालोको व्यवस्था

गरिए/नगरिएको,

९.५ यथासम्भव धुम्रपान निषेध गर्ने काम एवम् धुम्रपानको लागि छुट्टै स्थानको व्यवस्था भए/नभएको,

९.६ मादकपदार्थ सेवनलाई प्रतिबन्ध लगाइए/नलगाइएको,

९.७ व्यायाम गर्ने स्थानसहितको व्यायाम सामग्रीको व्यवस्था भए/नभएको,

९.८ ओढ्नेओछ्याउने कपडाको पर्याप्त व्यवस्था भए/नभएको,

९.९ कम्तिमा महिनामा एक पटक कपाल काटने सुविधा उपलब्ध भए/नभएको,

९.१० चमेनागृह (क्यान्टिन) तथा सुलभरूपमा बिक्रीवितरण गर्ने मूल्यसूचीसहितको पसलको व्यवस्था भए/नभएको,

९.११ खानाको लागि मेस प्रणालीको व्यवस्था भए/नभएको,

९.१२ पौष्टिक तथा स्वास्थ्यकर खाद्यान्न तथा स्वच्छ पिउने पानी आपूर्तिको व्यवस्था भए/नभएको,

९.१३ समय–समयमा विशेष पौष्टिकयुक्त (Special Diets) खाद्यान्नको व्यवस्था भए/नभएको,

९.१४ आ–आफ्नो आस्थाअनुसार धार्मिक पूजापाठ स्वतन्त्र र निर्वाधरूपमा सञ्चालन गर्न पाउने व्यवस्था तथा सो कार्यको लागि आवश्यक सामग्रीहरूको व्यवस्था भए/नभएको,

९.१५ कैदीबन्दीहरूलाई ध्यान गर्ने तथा धार्मिक अभ्यास गर्ने स्थानको व्यवस्था भए/नभएको,

९.१६ कैदीले कैद हुँदाका बखत ल्याएका तथा निजलाई पछि प्राप्त हुन आएका सामानको सुरक्षाको व्यवस्था भए/नभएको र

९.१७ उपलब्ध गराइएका सेवा सुविधाहरूको मरम्मत, सम्भार तथा रेखदेख, अनुगमन एवम् नियन्त्रणको व्यवस्था भए/नभएको ।

## १०. कैदीबन्दीहरूको क्रियाकलाप सम्बन्धमा

कैदीबन्दीहरूको क्रियाकलाप सम्बन्धमा अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनुपर्नेछः–

१०.१ कारागारभित्र घुम्ने तथा आफन्त एवम्

कानुनव्यवसायीसँग भेटघाट कक्षको व्यवस्था भए/नभएको,

१०.२ कानुनी परामर्श, मुद्दासम्बन्धी कागजातहरूको प्राप्ति र अदालती कारबाहीमा पहुँचको व्यवस्था भए/नभएको,

१०.३ आफुले रोजेको कानुन व्यवसायीसँग परामर्श गर्ने तथा असहाय, असमर्थहरूको लागि कानुनी सहायताको व्यवस्था भए/नभएको,

१०.४ गुनासाहरू (Grievances) तथा समस्याहरू सुन्ने अधिकारीको व्यवस्था भए/नभएको,

१०.५ समस्याहरूको छिटो समाधान गरिने प्रणाली र संयन्त्रको निर्माण गरिए/नगरिएको,

१०.६ कैदीबन्दीहरूका बीचमा विभेद भए/नभएको? भएको पाइएमा त्यस्तो विभेदको अन्त्य गर्ने सम्बन्धमा प्रभावकारी काम भए/नभएको र

१०.७ कैदीबन्दीहरूका बीच हुनसक्ने द्वन्द्व, अन्तरविरोध र झैंझगडालाई अनुगमन गर्ने, अनुशासन पालना गर्न लगाउने र द्वन्द्व व्यवस्थापन र मेलमिलापको लागि उपयुक्त सुनुवाइ गर्ने

संयन्त्रको व्यवस्था भए/नभएको ।

११. कैदीबन्दीहरूको स्वास्थ्य, उपचार तथा कारागार एवम् हिरासत कक्षको सरसफाइ सम्बन्धमा

कैदीबन्दीहरूको स्वास्थ्य, उपचार तथा सरसफाइको बन्दोबस्तीको अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछः–

११.१ चिकित्सा सेवा र सुविधा उपलब्ध भए/नभएको,

११.२ आकस्मिक उपचार, उपचार सामग्रीको व्यवस्था तथा चिकित्सक र अस्पतालसम्मको सहज पहुँचको व्यवस्था भए/नभएको,

११.३ बिरामी भएको अवस्थाको जानकारी सम्बन्धित परिवार, नातेदारलाई चाँडो दिन सकिने सञ्चारमाध्यमको व्यवस्था भए/नभएको,

११.४ अत्यावश्यक औषधी तथा प्राथमिक उपचारको सेवा २४ सै घण्टा उपलब्ध भए/नभएको,

११.५ विशेष उपचारको आवश्यकता पर्नेहरूको लागि विशेष व्यवस्था भए/नभएको,

११.६ गर्भवती महिला, नवजात शिशु र उनीहरूका आमाको लागि पौष्टिक आहार, विशेष रेखदेख तथा संरक्षण, ओढ्ने ओछ्याउने लुगाफाटो, तेलको समुचित व्यवस्था तथा न्यानोका लागि सम्भव भएसम्मको व्यवस्था भए/नभएको,

११.७ कारागार तथा हिरासत भित्र सरसफाई तथा स्वस्थ्य वातावरण कायम भए/नभएको

११.८ रोग तथा फोहोर हुन नदिन आवश्यक सरसफाइको व्यवस्था मिलाए/नमिलाएको र

११.९ हिरासत कक्ष तथा कारागारमा राखिनुपूर्व र रिहापश्चात् बन्दी तथा कैदीहरूको अनिवार्य रूपमा स्वास्थ परीक्षण तथा त्यसको अभिलेख राख्ने व्यवस्था भए/नभएको ।

१२. कैदीबन्दीहरूसँग गरिने व्यवहार सम्बन्धमा कारागार तथा हिरासत अनुगमन गर्दा निम्न विषयमा ध्यान दिनुपर्नेछः–

१२.१ कैदी तथा थुनुवाहरूलाई हतकडी, चेन, नेलकडी लगाए/नलगाएको

१२.२ मानसिक यातना हुने गरी आखाँमा पट्टी बाँधेर वा एकान्तरूपमा हिरासत तथा कारागारमा राखिए/नराखिएको,

१२.३ कैदीबन्दीहरूलाई हिरासत तथा कारागारमा कुनै पनि प्रकारको शारिरिक तथा मानसिक यातना दिए/नदिएको,

१२.४ कारागार तथा हिरासतको भौतिक पूर्वाधारहरूको नियमित मरम्मतसम्भार भए/नभएको,

१२.५ तेस्रो पक्षबाट भएको कानुनी, आर्थिक लगायत अन्य विशेष सहयोगसम्बन्धी सूचना सङ्कलन गरी दुरुस्त राखिए/नराखिएको,

१२.६ गोपनीयताको अधिकार सुनिश्चित भए/नभएको र

१२.७ कारागार निरीक्षण पुस्तिकाको व्यवस्था भए/नभएको ।

## १३. उजुरी सम्बन्धमा

कैदीबन्दीहरूलाई प्रशासनिक एवम् सुरक्षासम्बन्धी निकाय/अधिकारीहरूले गरेको दुर्व्यवहार, खासगरी यातना वा अन्य क्रूर, अमानवीय वा अपमानजनक

व्यवहार भएको अवस्थामा उपचारको लागि निम्नानुसारको व्यवस्था भए/नभएको सम्बन्धमा ध्यान दिनुपर्दछः–

१३.१ आफूमाथि भएको विभेद र दुर्व्यवहारको विषयमा सम्बन्धित निकायमा उजुरी दिने व्यवस्था भए/नभएको,

१३.२ उजुरीकर्ताको अनुरोधअनुसार उजुरीको विषयमा गोपनियता राखे/नराखेको,

१३.३ उजुरीको सम्बन्धमा सम्बन्धित निकायबाट तदारुकताका साथ सम्बोधन भए/नभएको,

१३.४ कारागार/हिरासतको प्रमुखसँग आफ्ना गुनासा राख्न पहुँच भए/नभएको र

१३.५ उजुरीमाथि भएका सम्बोधनहरू केकस्ता छन्, त्यसबारे तथ्याङ्क राख्ने गरे/नगरेको ।

## १४. कारागार तथा हिरासत अनुगमनकर्ताहरूको सम्बन्धमा

आयोग लगायत सरोकारवाला निकायका प्रतिनिधिहरूले कारागार तथा हिरासतमा रहेका कैदीबन्दीहरूको अवस्था सम्बन्धमा अनुगमन गर्दा

अनुसूची १ र २ मा उल्लिखित निम्न कुराहरूमा ध्यान पुऱ्याउनुपर्दछः–

(क) अनुगमन भ्रमण टिपोटसम्बन्धी फाराम र

(ख) अनुगमन भ्रमणसम्बन्धी सामाग्रीसूची (चेकलिष्ट)

## १५. विविध

१५.१ यस मार्ग–निर्देशिकामा उल्लिखित न्यूनत्तम मापदण्डहरू अवलम्बन नभएको बारेमा गुनासो भए सम्बन्धित व्यक्तिले कारागार/हिरासतसँग सम्बन्धित जिम्मेवार निकायमा आफ्नो गुनासो/उजुरी राख्न सक्नेछ र सो को छाँयाप्रति वा छुट्टै उजुरी राष्ट्रिय मानवअधिकार आयोगलाई दिन सक्नेछ ।

१५.२ हिरासत तथा कारागारहरूको नियमित अनुगमनको आधारमा आधारभूत आवश्यकतासम्बन्धमा सुधारको निम्ति आयोगले नेपाल सरकारलाई आवश्यक सिफारिस गर्न सक्नेछ ।

# अनुसूची – १

## अनुगमन भ्रमण टिपोटसम्वन्धी फाराम

### १.१ व्यवहार

- यातना तथा दुर्व्यवहारको आरोप,
- बल तथा अन्य बन्देजका उपायहरूको प्रयोग र
- एकान्त कारावासको प्रयोग ।

### १.२ संरक्षणका उपायहरू

- थुनुवाहरूलाई सूचित गर्ने कार्य,
- तेस्रो पक्षलाई जानकारी दिन सकिने सम्भावना र
- आन्तरिक नियम तथा कार्यविधिको पहुँच ।

### १.३ अनुशासनात्मक कार्यविधि तथा सजाय

- कार्यविधिको सङ्क्षिप्त वर्णन,

- अनुशासन निकायको गठन,
- प्रतिनिधित्वलगायत पुनरावेदन गर्ने सम्भावना,
- दण्डसजायको प्रकार तथा यसको नियमितता (समानुपातिकता),
- पक्राउपछि चिकित्सकबाट परीक्षण,
- प्रकार तथा कारणका आधारमा गरिएका दण्डसजायको तथ्याङ्क र
- अनुशासन एकाइ ।

## १.४ उजुरी तथा निरीक्षण कार्यविधि

- उजुरी तथा निरीक्षण कार्यविधिको विद्यमानता,
- कार्यविधिको स्वतन्त्रता र
- कार्यविधिमा पहुँच (सहज र प्रभावकारी पहुँच ?) ।

## १.५ विभिन्न थुनुवा बन्दीहरूलाई छुट्याउने कार्य

- थुनुवा बन्दीहरूको अभिलेख पुस्तिका,

- विभिन्न खालका थुनुवा बन्दीहरूको सङ्ख्या (स्वदेशी/विदेशी),
- विदेशी नागरिकहरूको प्रतिशत र
- लिङ्ग तथा उमेरका आधारमा वर्गीकरण।

## १.६ कारागार तथा हिरासत कक्षहरूको भौतिक अवस्था

- आकार र यसको क्षमता/हाल प्रत्येक कैदीबन्दीहरूको कक्षमा राखिएका बन्दी सङ्ख्या र
- प्रकाश, हावाको वहाव, फर्निचर, पुस्तक एवम् पत्रपत्रिकाको उपलब्धता

## १.७ खानपिन/व्यक्तिगत सरसफाइ

- खाना (गुणस्तर, मात्रा, प्रकार, पटक),
- विशेष खाद्यव्यवस्था (स्वास्थ्य, सांस्कृतिक र धार्मिक आधारमा),
- धारा (थुनुवा र अन्यका लागि धाराको

सङ्ख्या, सरसफाइ र प्रयोग गर्न पाउने पटक र मर्मतको अवस्था),

- सरसफाइ सुविधा (थुनाकक्षभित्र र बाहिरको सरसफाइ),
- बिस्तरा (गुणस्तर, सरसफाइ र फेरबदलको स्थिति),
- धोबीको उपलब्धता र
- स्वास्थ्यको अवस्था ।

## १.८ समय व्यवस्थापन

- दिनहुँ थुनाकक्षमा बिताउने समय,
- शारीरिक अभ्यासमा बिताउने समय,
- दिनहुँ काम गरेर बिताउने समय,
- दिनहुँ थुनाकक्ष बाहिर बिताउने समय,
- प्रत्येक हप्ता खेलकुदमा बिताउने समय र
- अन्य क्रियाकलापमा बिताउने समय ।

## १.९ उपलब्ध क्रियाकलाप

- कामः काममा पहुँच, कामको प्रकार, काम

गर्ने थुनुवाको प्रतिशत, काम गर्नुपर्ने बाध्यता, तलब, सामाजिक सम्पर्क, कार्यस्थलको वर्णन,

- शिक्षाः अध्ययनमा पहुँच, उपलब्ध अध्ययनका क्षेत्रहरू (साक्षरता, माध्यमिक विद्यालय, व्यावसायिक तालिम, सीप विकास, विश्वविद्यालय शिक्षा) विषयहरूको निरन्तरता, यसका आयोजकहरू, शिक्षकहरू, अध्ययनरत थुनुवाको प्रतिशत, कक्षाकोठाको वर्णन,
- फुर्सदः फुर्सदका क्रियाकलाप, तिनमा पहुँच, फुर्सद कक्षहरूको वर्णन र खेल सुविधा, पुस्तकालय आदि र
- धार्मिक क्रियाकलापः धार्मिक (प्रतिनिधित्व गरिएका धर्महरू, पहुँचका शर्तहरू, निरन्तरता तथा भ्रमण अवधि) धार्मिक सेवा (पहुँच, परिसर), नित्यकर्म र खानपानजस्ता धार्मिक संस्कारहरू अनुशरण गर्न पाउने अवसर ।

## १.१० बाह्य सम्पर्क

- भ्रमणः पहुँच, निरन्तरता, भ्रमणका शर्तहरू, भ्रमणको अवधि र यसको नियमितता, नातेदार, बालबालिका तथा श्रीमान्/श्रीमतीद्वारा हुने भ्रमण, भ्रमण कक्षको वर्णन,
- पत्राचार तथा नासोः निरन्तरता र यसमाथि हुने छानविन र
- टेलिफोन नियमितताः निरन्तरता, शर्तहरू, विदेशी नागरिकहरू ।

## १.११ स्वास्थ्यकर्मी/स्वास्थ्योपचारमा पहुँच

- चिकित्सक, नर्स, मनोचिकित्सक तथा मनोविश्लेषक र अन्य व्यक्तिहरूको सङ्ख्या र तिनको उपलब्धता,
- थुना चलानपछि गरिने स्वास्थ्य परीक्षण,
- स्वास्थ्य सेवाका निम्ति अपनाउनुपर्ने कार्यविधि,

- अस्पताल कक्ष, बेड सङ्ख्या, उपकरण र औषधी र
- सँगै स्वास्थ्य उपचार पाइरहेका अन्य व्यक्तिहरू ।

## १.१२ कारागार कर्मचारी

- विभिन्न कर्मचारीहरूको सङ्ख्या,
- पाले र कैदीबन्दीहरूका साथै व्यवस्थापन र कैदीबन्दीहरूबीचको सम्बन्ध,
- कारागार कर्मचारीहरूलाई प्रदान गरिने आधारभूत तथा निरन्तर प्रदान गरिने तालिमहरू र
- कारागार निरीक्षण पुस्तिका अध्यावधिक राखे/नराखेको ।

# अनुसूची – २
## अनुगमन भ्रमणसम्वन्धी सामाग्रीसूची
## (चेकलिष्ट)

### २.१ कारागारसम्बन्धी सामान्य जानकारी
- कारागारको नाम,
- कारागारको प्रकार,
- ठेगाना,
- निकाय प्रमुखको परिचय र
- सहायक प्रमुख (प्रमुखहरू)को परिचय ।

### २.२ अनुगमन भ्रमणबारे सामान्य जानकारी
- भ्रमण मिति,
- भ्रमणको प्रकार र उद्देश्य,
- अघिल्लो भ्रमण भएको मिति र
- भ्रमण दलका सदस्यहरूको परिचय ।

### २.३ कारागार/संस्थापनको क्षमता
- प्रशासनिक क्षमता,
- आमक्षमता,

- भ्रमणको पहिलो दिनमा स्वतन्त्रताबाट वञ्चित गरिएका व्यक्तिहरूको सङ्ख्या (थुनुवाहरूको प्रकार, लिङ्ग, उमेर र राष्ट्रियताका आधारमा),
- विदेशी बन्दीहरूको प्रतिशत,
- विदेशी बन्दीहरूको उद्भवस्थल,
- लिङ्गीय आधारको विवरण र
- नाबालक थुनुवा र कैदीबन्दीहरू ।

## २.४ कारागार/संस्थापनको संरचना

- भवनहरूको वर्णन (भवन सङ्ख्या, कति पुराना हुन् सो कुरा, तिनको अवस्था, मर्मतसम्भार, सुरक्षा अवस्था र
- थुनाकक्षहरूको वर्णन र तिनमा उपलब्ध सुविधाहरू ।

## २.५ अनुगमन भ्रमणबारेमा जानकारी

- भ्रमणको सुरुआतमा भएको कुराकानी,
- छलफल गरिएका विषयहरू,
- थुनाका विविध पक्षहरू र सुझावहरू,
- निरीक्षण/अनुगमनकर्ताको विवरण र

मिति,

- स्वतन्त्रताबाट वञ्चित व्यक्तिहरूले बताएअनुसारको कुरा,
- थुनास्थलका निर्देशक तथा अन्य कर्मचारीहरूले जनाएअनुसारको कुरा,
- भ्रमण दलले निरीक्षण गरेका तथ्यअनुसार पाइएको कुरा,
- भ्रमणको अन्त्यमा छलफल गरिएका विषयहरू र
- भ्रमणको अन्त्यमा प्राप्त जवाफहरू ।

## २.६ चाल्नुपर्ने कदमहरू

- तत्कालीन,
- मध्यकालीन र
- दीर्घकालीन ।

## २.७ साथमा राख्नुपर्ने सम्पर्क विवरणहरू

## २.८ अनुगमन भ्रमणको निरन्तरता

## २.९ आगामी भ्रमणमा हेरिनुपर्ने विषयहरू

## २.१० मूल्याङ्कन गरिनुपर्ने विषयहरु

**व्यवहार**

- यातना तथा दुर्व्यवहार,
- एकल थुना,
- नियन्त्रणमा राख्ने उपायहरू र
- बल प्रयोग ।

**संरक्षण उपाय**

- निरीक्षण,
- उजुरी कार्यविधि,
- अनुशासन कार्यविधि,
- थुना अभिलेख पुस्तिका र
- विभिन्न वर्गका थुनुवाहरूलाई छुट्याएर राख्ने काम ।

**भौतिक अवस्था**

- खाना,
- प्रकाश तथा हावाको उपलब्धता,
- व्यक्तिगत स्वास्थ्य,
- सरसफाई सुविधा,
- लत्ताकपडा तथा विछ्यौना र
- खचाखचको अवस्था तथा बासस्थान ।

| | | |
|---|---|---|
| थुना व्यवस्था तथा गतिविधि | - | परिवारजन तथा साथीभाइसँगको सम्पर्क, |
| | - | बाहिरी संसारसँगको सम्पर्क, |
| | - | घरबाहिर गरिने अभ्यास, |
| | - | शिक्षा, |
| | - | फुर्सदमा गरिने क्रियाकलाप, |
| | - | धर्म र |
| | - | काम । |
| औषधि उपचार | - | औषधी उपचारमा पहुँच, |
| | - | महिला तथा बालबालिकाका निम्ति विशेष स्वास्थ्य सेवा, |
| | - | मानसिक बिरामीहरूका लागि विशेष स्वास्थ्य सुविधा, |
| | - | सरुवा रोग र |
| | - | स्वस्थ्य कर्मचारी । |
| कारागार कर्मचारी | - | सामान्य अवस्था र |
| | - | कर्मचारीको तालिम, |

## केन्द्रीय कार्यालय

हरिहर भवन, ललितपुर
फोनः ०१-५०१००१५
फ्याक्सः ९७७-१-५५४७९७३

## क्षेत्रीय कार्यालयहरु

### विराटनगर
बरगाछीचोक
फोनः ०२१-४६२९३१, ४६१०९३
फ्याक्सः ९७७-२१-४६११००

### धनगढी
उत्तर बेहेडी
फोनः ०९१-५२५६२१, ५२५६२२
फ्याक्सः ९७७-९१-५२५६२३

### जनकपुर
जनकपुरधाम
फोनः ०४१-५२७८११, ५२७८१२
फ्याक्सः ९७७-४१-५२७२५०

### पोखरा
जनप्रिय मार्ग
फोनः ०६१-४६२८११, ४६३८२२
फ्याक्सः ९७७-६१-४६५०४२

### नेपालगञ्ज
शान्तिनगर
फोनः ०८१-५२६७०७, ५२६७०८
फ्याक्सः ९७७-८१-५२६७०६

## उपक्षेत्रीय कार्यालयहरु

खोटाङः दिक्तेल, फोनः ०३६-४२०२८४
रुपन्देहीः बुटवल, फोनः ०७१-४४६९११
जुम्लाः खलंगा, फोनः ०८७-५२०२२२